शुक्लाफाटा नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
झलारी,कन्चनपुर

**IT officer सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०७४।०९।१४)

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई सिंहदरवार काठमाडौंको प.सं.२०७४।०७५,च.नं.१२७ मिति २०७४।०७।१७ गतेको सूचना प्रविधि अधिकृतको सेवा करारमा सम्बन्धी पत्रानुसार देहाय बमोजिमको शर्तहरुको अधिनमा रही यस कार्यालयका लागि सूचना प्रविधि अधिकृत (**IT officer**) एक जना सेवा करारमा लिनु पर्ने भएकोले इच्छुक उम्मेदवारहरुले रितपुर्वक दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. आवेदन दिने अन्तिम मिति :– सूचना प्रथम पटक प्रकासित भएको मितिले १५ दिन भित्र ( २०७४।०९।२८ गते कार्यालय समय भित्र )

२.शैक्षिक योग्यता :– लोक सेवा आयोगद्धारा लिईने कम्प्युटर अधिकृत पदको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & communications Technologies वा सो सरहको बिषयहरु मध्ये कुनै एक बिषय लिई स्नातक (BIT,BIM,BBIS,BCA,BCIS,BEIT,BSc IT,BSc CSIT )को उपाधि हासिल गरेको ।

३.सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण (TOR ) :– २०७४।०३।२८ गतेको स्वीकृत सचिव स्तरीय निर्णयमा उल्लेख भए बमोजिम हुनेछ ।

४. संलग्न गर्नुपर्ने कागजातहरु :–व्यक्तिगत विवरण (Bio– Data)नागरिकताको प्रमाण पत्र,शैक्षिक योग्यताको प्रमाण पत्रहरु,अनुभवका प्रमाण पत्रहरु ।

५. आवेदन दिने तरिका :– बुदा नं.४ मा उल्लेख भएका कागजातहरु एवं, बुदा नं.६ मा तोकिएको शुल्क नगरपालिका राजश्व शाखामा बुझाई सक्कलै रसिद संलग्न राखी नगरपालिकामा आवेदन दिनुपर्ने छ ।

६. आवेदन शुल्क :– रु.१,०००। (एक हजार रुपयाँ मात्र) ।

७. उम्मेदवार छनौटका आधारहरु देहाय बमोजिम हुनेछन :–

| सि.न. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १. | शैक्षिक योग्यता | ३० |
| २. | कार्य अनुभव(सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) | ४० |
| ३. | उम्मेदवारको स्थायी ठेगाना | २० |
| ४. | २ बर्ष भन्दा माथी स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT volunter वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको | १० |

८. तलव भत्ता :– स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम(LGCDP )ले तोके बमोजिमको हुनेछ ।

९.करार अवधि :– २०७५ असार मसान्त सम्म ।

१०.थप जानकारीको लागी सम्पर्क नम्वर :–०९९५४००१०

११.दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको लगत्तै अर्को दिन दरखास्त बुझाउन सकिनेछ ।

१२.सूचनामा उल्लेख भए बाहेकका अन्य कूराहरु प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम एवं स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)कार्यक्रम समन्वय इकाई सिंहदरवार काठमाडौंको च.नं.१२७ मिति २०७४।०७।१७ गतेको पत्र वमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner